## हाम्रो समुदायमा कसैले बालविवाह गरे गराएमा के गर्ने ?

तिमीहरुको विवाह गर्ने उमेर पुगेको छैन। यस्तो उमेर नपुगी गरिने विवाहमा हामी संलग्न हुँदैनौ। तिमिहरु यो विवाह नगर। यो विवाह गरेमा कानुनी रुपमा सजाय हुन्छ भनेर सचेत गराउने।

कानुनले बालविवाह गरेमा स्वत: बदर हुने व्यवस्था गरेको छ। यदी कसैले बालविवाह गरी वडा कार्यालय अथवा स्थानीय तहमा गै विवाह दर्ता गराउन खोजेमा सम्बन्धित निकायमा उजुरी दिनुपर्छ।

बालविवाह सम्बन्धी उजुरी परेमा प्रहरीले तुरुन्त कारवाही सुरुगर्नु गर्नुपर्छ।

बालविवाह भएको, हुन लागेको देखेमा नजीकको प्रहरी चौकीलाई जानकारी गराउनु पर्दछ।

## बालविवाह सम्बन्धी कानुनी व्यवस्था

| मुलुकी अपराध (संहिता) ऐन २०७४ | |
|---|---|
| **व्यवस्था** | **सजाय** |
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन। | यस विपरित भएको विवाह स्वत: बदर हुनेछ। |
| | बीस वर्ष उमेर नपुगी विवाह गर्ने र गराउने दुवै व्यक्तिलाई तीन (३) वर्षसम्म कैद र तीस हजार (३००००) रूपैया सम्म जरिवाना हुनेछ। |

**बालबालिकाकाको विवाह तय गर्ने वा बालबालिकासंग विवाह गर्ने वा गराउने कार्य बालबालिका विरूद्धको कसुर गरेको मानिनेछ।**

## बालविवाह सम्बन्धी उजुरी गर्ने निकाय तथा प्रक्रियाहरु

- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने।

## बालविवाह सम्बन्धी उजुरी गर्ने हदम्याद

- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ।

(मुलुकी अपराध (संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)

## बालविवाह जस्तो कानूनी तथा सामाजिक अपराध रोक्न समुदाय तथा नागरीक समाजको भुमिकाहरु

- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तै: जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने।

UK International Development
Partnership | Progress | Prosperity

HAMRO SAHAS
हाम्रो साहस

UN WOMEN

# बाल विवाह




**बालविवाह एक कानुनी र सामाजिक अपराध हो। कसैले पनि यो कार्य गर्न गराउन हुँदैन।**


## सर्वोदय विकासका लागि अभियान नेपाल
## Sarbodaya Nepal, Jumla
"Everybody Shine for Dignity"

Address: Chandannath Mun-06,Bijayanagar, Jumla
Email: sarbodayanepaljumla@gmail.com


सर्बोदय नेपाल जुम्ला हटलाईन नम्बर-१८१०५०००१५४
जिल्ला प्रहरी कार्यालय-१००
प्रहरी कार्यालय महिला बालबालिका सेवा केन्द्र फोन-१०३
बाल हेल्पलाईन-१०९८
दीमा आमा घर जुम्ला ९८५८३२०७१२
बालबालिका खोज तलास तथा उद्धार हटलाईन ११४५

## बालविवाह भनेको के हो ?



बालविवाह भनेको नेपालको कानून अनुसार कानूनले तोके भन्दा उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालको प्रचलित कानून अनुसार केटा र केटी को उमेर २० वर्ष भन्दा कम उमेरमा गरिने विवाह बालविवाह हुन्छ।

केटा र केटी को उमेर २० वर्ष नपुग्दै विवाह गराउनु गैर कानुनी हो। बालविवाह कानूनी र सामाजिक अपराध दुवै हो। यस्तो कार्य गर्ने गराउने दुवैलाई कानून बमोजिम सजाय हुन्छ।



**बालबालिकाको उमेर बच्चा पाउने होइन बालापन जिउने हो।**

## बालविवाहका असरहरु

- विद्यालय जान बाट बञ्चित हुन्छन्।
- घरायसी कामको बोझ थपिन्छ।
- घरेलु हिंसा, पारिवारीक अपहेलनाको दुर्व्यवहारको जोखिम बढ्छ।
- शरीरिक तथा मानसिक विकासमा नकारात्मक असर पर्नु।
- आर्थीक अवसरहरुबाट वञ्चित भईन्छ।
- पढाई नभएका कारण रोजगारी अवसरबाट वञ्चित भईन्छ।
- सानै उमेरमा बिवाह गर्दा बाल अधिकारको हनन् हुन्छ।
- वैवाहिक जीवन सुखी र सफल नहनु।
- बहुविवाह र सम्बन्ध विच्छेदको जोखिम बढ्नु।



## सानै उमेरमा गर्भवती हुँदा बालीकामा कस्तो असर पुग्छ ?



**बालविवाहका कारण सानै उमेरमा परिवारको बोझ थपिनाले बालिकामा मानसिक तनाव हुने गर्दछ।**

- सानो उमेर समूहमा किशोरी आमाहरु गर्भावस्था वा सुत्केरी हुँदा मृत्यु हुने सम्भावना बढी हुन्छ।
- किशोरी आमाहरुमा आईरन कमी हुनसक्छ, जसले कमजोरी, थकान र प्रसवकालीन जटिलताहरु निम्त्याउन सक्छ।
- कम उमेरमा गर्भवती हुने महिलाहरुमा उच्च रक्तचापको खतरा बढी हुन्छ, जसले मिर्गौला, कलेजो वा मस्तिष्कमा गम्भीर असर पुर्‍याउन सक्छ।
- किशोरी आमाबाट जन्मिएका बच्चाहरु कमजोर वा कम तौलका हुने सम्भावना बढी हुन्छ।
- सुरक्षित यौन सम्पर्कबारे जानकारी नहुनाले विभिन्न यौनजन्य रोगहरुको जोखिम बढ्छ।
- कम उमेरमा यौन सम्पर्क र बारम्बारको गर्भभारणले भविष्यमा पाठेघरको मुखको क्यान्सको सम्भावना बढ्छ।
- विवाहपछिको पारिवारिक दायित्व, सामाजिक अपेक्षा र आत्म निर्णयको अभावले मानसिक स्वास्थ्यमा नकारात्मक असर पार्नसक्छ।
- किशोरी आमाहरुमा प्रसवपछि मानसिक दवाव उच्च हुनसक्छ, जसले उनीहरुको मानसिक सन्तुलन विगार्न सक्छ।
- बालविवाह गर्ने महिलाहरुमा आत्महत्या गर्ने सम्भावना बढी हुन्छ।
- किशोरी आमाहरुको शरीर पूर्णरुपमा विकसित नभईसकेकाले उनीहरुलाई कमजोर हड्डीको समस्या हुनसक्छ।
- गर्भावस्था र मातृत्वको जिम्मेवारीले किशोरी महिलाहरुको शारीरिक वृद्धि नै रोक्न सक्छ।
- कम उमेरकी श्रीमतीहरु घरेलु हिंसाको शिकार बन्ने सम्भावना बढी हुन्छ, जसले दीर्घकालीन शारीरिक र मानसिक असर पर्न सक्छ।

## बच्चामा देखिने असरहरु



- सानै उमेरमा बँच्चा जन्माउँदा पाठेघरको पुर्ण विकास भै सकेको हुँदैन यस्तो अवस्थामा बच्चा जन्माउँद बच्चालाई श्वास फेर्न गाह्रो हुन्छ र रगतमा संक्रमण हुन्छ।
- किशोरी आमाबाट जन्मेका बच्चाको तौल कम हुन सक्छ जसले जिवनभर स्वास्थ्यमा समस्या ल्याउन सक्छ।
- किशोरी आमा जन्मेका बच्चाको मृत्यु हुन सक्ने जोखिम बढी हुन्छ।
- किशोरी आमाबाट जन्मेका बच्चाहरुको वृद्धि विकासमा ढिलाई हुन सक्ने जोखिम हुन्छ।
- बच्चाहरु कुपोषित हुन सक्छन्।
- बच्चाहरु अपांगता हुनसक्छ।

**किशोरीमा प्रजनन् क्षमता महिनावारीको समयसँगै सुरु हुने भए पनि किशोरीहरु प्रजनन् क्षमताको लागि शारिरिक वा मानिसिक रुपमा पुर्ण रुपले परिपक्व भएका हुँदैनन्।**

